Dhapasi, Kathmandu
01- 5554543, 5553504
info@cafodat.edu.np

रोजेका छन् । प्रदेश सभामा कांग्रेसका १९ र

# शिखर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**तल्कोट,डोटी**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## नदि जन्य पदार्थको बिक्रि शुल्क संकलनका लागी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०५/१७**

स्थानिय सरकार संचालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६२ (क)अनुसार यस शिखर न.पा.ले आफ्नो क्षेत्र भित्र भएर वग्ने नदिको (IEE) गरेको र घाटगद्धी तोकिएका नदि खोलाहरुबाट गिट्टी ,बालुवा,भरान,ग्राभिल आदिको कुल संकलन घन मि.७९,७१३.८८ मात्र (बिक्री प्रति घन मि.रु ७५ भ्याट बाहेक) नदि जन्य प्रदार्थको (स्थानिय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्राबधान बमोजिम आ.व.०७८।०७९ का लागी नगर सभा बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागी तपशिल वमोजिमको शर्त अधिनमा रही १५ दिने सिलवन्दी बोलपत्र आव्हानको सावजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपशिल शर्तहरु :**

१. न्यूनतम ठेक अंक रु.५९७८५४१.००। (भ्याट वाहेक ) कायम गरिएको छ ।
२. ठेक्काको अवधी ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले २०७९ जेष्ठ मसान्त सम्म मात्र कायम गरिनेछ ।
३. तोकिएको घाटगद्धी स्थानको सिमा रेखा भन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन,तोकिएको सिमा भन्दा वाहिर गई रोयल्टी अशुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ ।
४. बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम एभरेष्ट बैक लि. गोपघाट शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता ०६६००१०६२००००१ मा नगद रु ३०००। (पछि फिर्ता नहुने गरि) जम्मा गरको भौचर समेत संलग्न गरी पेश गर्नू पर्नेछ ।
५. बोलपत्र २०७८।०६।०१ दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे कार्यालय मै खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ ,उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्वन्धी काम गरिनेछ ।
७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कवुल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैक लि.गोपघाट स्थित धरौटी खाता (हि.नं.०६६००१०६२००००२) मा जम्मा गरेको भौचर पेश गर्नू पर्नेछ । भौचर वा सो रकम वरावरको १२० म्याद भएको बैंक जमानत पत्र पेश गर्नू पर्नेछ ।
८. यस सर्तमा लेखेको कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फाराममा उल्लेखित शर्तहरु,यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा ,वालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७, स्थानिय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका वुँदाहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
९. यस कार्यालयको महालेखा परिक्षणको प्रतिवेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सुचना अनुसार वोलपत्र प्रस्ताव पेश गर्नका लागी भ्याट समायोजन गरेको सम्वन्धीत आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरे पछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्वन्धित फर्म वा कम्पनीवाट आफुनो वेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षणको प्रतिवेदनवाट हेर्न समेत सुचित गरिन्छ ।
१०. यो सुचना शिखर न.पा.को वेभसाईट **www.shikharmum.gov.np** बाट समेत हेर्न सकिनेछ । यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**परमानन्द शर्मा**
**नि.प्रमुख प्रशासकिय अधिकृत**